पूर्वाञ्चल विश्वविद्यालय
सेवा आयोगको कार्यालय
☎ ०२१-५९०८४१
पो. बक्स नं. : १४२
गोठगाउँ, मोरङ, नेपाल

प.सं./च.नं. ....................                                        मिति ..............................

## प्रशासनिक पदहरूको आन्तरिक प्रतियोगिता सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१।०६।१२)

पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतका विभिन्न निकायमा रिक्त रहेका निम्नलिखित प्रशासनिक पदहरूमा पू.वि. नियमावली २०५३ (संसोधन सहित)को खण्ड-ख, सेवा सम्बन्धी नियमावली २०५३ को परिच्छेद-४ नियम २० तथा पू.वि. कर्मचारी छनौट तथा पदोन्नति प्रक्रिया एवम् कार्यप्रणाली २०७३ (संसोधन २०७८) बमोजिम आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले सम्बन्धित सेवा/समूहको आन्तरिक प्रतियोगिताका लागि तोकिएको आवश्यक न्युनतम् शैक्षिक योग्यता र आवेदित पदभन्दा एक तहमुनिको पदमा कम्तीमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेका तथा महिला, मधेसी, दलित, आदिवासी/जनजाति, अपाङ्ग एवम् पिछडिएका क्षेत्रका उम्मेदवारहरूको हकमा आवेदित पदभन्दा एक तहमुनिको पदमा कम्तीमा ४ वर्ष स्थायी सेवा अवधि पूरा गरेका उम्मेदवारहरूबाट मिति २०८१ माघ १७ गते र सो दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट दिउँसो ०२:०० बजेसम्म (दोब्बर दस्तुर तिरी २०८१ माघ २५ गते दिउँसो ०२:०० बजेसम्म) पू. वि. सेवा आयोगको कार्यालय, गोठगाउँ, मोरङ्मा आइपुग्ने गरी २/२ प्रति आवेदन फाराम भरी दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका दरखास्त फाराम उपर कुनै कार्यवाही हुने छैन । आवेदन फारामका साथमा नबिल बैंक लि., विराटनगर पू. वि. सेवा आयोगको कार्यालयको PU SEWA AAYOG OFFICE चल्ती खाता नं. ००७१००१७५१८९०७ मा रकम जम्मा गरेको सक्कल बैंक भाउचर र तपसिल बमोजिमका कागजातहरूको २/२ प्रति प्रमाणित प्रतिलिपिहरू अनिवार्य रूपले पेश गर्नु पर्नेछ ।

**<u>तपसिल</u>**

१) शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्र (प्रमाणपत्र नभएको भए अस्थायी प्रमाणपत्र)को प्रमाणित प्रतिलिपिहरू ।
२) तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति ।
४) हाल कार्यरत पदमा बेतलवी विदा र अध्ययन विदा लिएको भए तथा विश्वविद्यालय बाहिर बेतलवी काजमा गएको भए सो को मिति खुल्ने कागजात ।
५) आवेदित पदभन्दा एक तहमुनिको पदमा स्थायी, अस्थायी, करार र बेतलवी काज सरूवा आदि सहित प्रष्ट मिति र क्याम्पस/कार्यालयमा कार्यरत रहेको सेवा अवधि खुलेको अनुभवसम्बन्धी प्रमाणित कागजात ।
६) हाल कार्यरत रहेको पदको स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलपि ।
७) **(क) विज्ञापन नं., पद र सेवा/समूहको रिक्त दरबन्दी सम्बन्धी विवरणः**

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा/समूह | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| १. | ०२४/०८१।०८२ | मुख्य अधिकृत | प्रशासन | २ |
| २. | ०२५/०८१।०८२ | मुख्य अधिकृत | लेखा | १ |
| ३. | ०२६/०८१।०८२ | मुख्य अधिकृत | कम्प्युटर | १ |
| ४. | ०२७/०८१।०८२ | बरिष्ठ अधिकृत | प्रशासन | २ |
| ५. | ०२८/०८१।०८२ | बरिष्ठ अधिकृत | लेखा | १ |
| ६. | ०२९/०८१।०८२ | अधिकृत | प्रशासन | ४ |
| ७. | ०३०/०८१।०८२ | अधिकृत | लेखा | १ |
| ८. | ०३१/०८१।०८२ | अधिकृत | भण्डार | १ |
| ९. | ०३२/०८१।०८२ | अधिकृत | कम्प्युटर | २ |
| १०. | ०३३/०८१।०८२ | अधिकृत (प्रा.) | सिनियर स्टाफ नर्स | २ |
| ११. | ०३४/०८१।०८२ | मुख्य सहायक | प्रशासन | ६ |
| १२. | ०३५/०८१।०८२ | सहायक | प्रशासन | ७ |

(ख) **बेतनः** पूर्वाञ्चल विश्वविद्यालयको प्रचलित नियमानुसार हुनेछ ।

(ग) **आवेदन दस्तुरः** मूख्य अधिकृत पदका लागि रू. ४,०००।- (चार हजार मात्र), बरिष्ठ अधिकृत पदका लागि रू. ३,५००।- (तीन हजार पाँच सय मात्र), अधिकृत पदका लागि रू. ३,०००।- (तीन हजार मात्र), मुख्य सहायक पदका लागि रू. २,०००।- (दुई हजार मात्र) र सहायक पदका लागि रू. १,५००।- (एक हजार पाँच सय मात्र) ।

पूर्वाञ्चल विश्वविद्यालय
सेवा आयोगको कार्यालय
०२१-५९०८४१
पो. बक्स नं. : १४२
गोठगाउँ, मोरङ, नेपाल

प.सं./च.नं. ....................                                        मिति ..............................

(घ) आवश्यक न्युनतम् योग्यताः

(१) **मुख्य अधिकृत (प्रशासन)**: पूर्वाञ्चल विश्वविद्यालय वा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण भई प्रशासन तर्फको स्थायी बरिष्ठ अधिकृत पदमा कम्तीमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

वा

पूर्वाञ्चल विश्वविद्यालयको स्थायी बरिष्ठ अधिकृत (प्रशासन) पदमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

(२) **मुख्य अधिकृत (लेखा)**: पूर्वाञ्चल विश्वविद्यालय वा मान्यता प्राप्त विश्वविद्यालयबाट वाणिज्य/व्यवस्थापन विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी लेखा तर्फको स्थायी वरिष्ठ अधिकृत पदमा रही कम्तीमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

वा

पूर्वाञ्चल विश्वविद्यालयको स्थायी बरिष्ठ अधिकृत (लेखा) पदमा कम्तीमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

(३) **मुख्य अधिकृत (कम्प्यूटर)**: पूर्वाञ्चल विश्वविद्यालय वा मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषयमा तालिम प्राप्त गरी कम्प्यूटरतर्फको स्थायी वरिष्ठ अधिकृत पदमा रही कम्तीमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

वा

पूर्वाञ्चल विश्वविद्यालयको स्थायी बरिष्ठ अधिकृत (कम्प्यूटर) पदमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

(४) **बरिष्ठ अधिकृत (प्रशासन)**: पूर्वाञ्चल विश्वविद्यालय वा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण भई प्रशासन तर्फको स्थायी अधिकृत पदमा कम्तीमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

वा

पूर्वाञ्चल विश्वविद्यालयको स्थायी अधिकृत (प्रशासन) पदमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

(५) **बरिष्ठ अधिकृत (लेखा)**: पूर्वाञ्चल विश्वविद्यालय वा मान्यता प्राप्त विश्वविद्यालयबाट वाणिज्य/व्यवस्थापन विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी लेखा तर्फको स्थायी अधिकृत पदमा रही कम्तीमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

वा

(६) **अधिकृत (प्रशासन)**: पूर्वाञ्चल विश्वविद्यालय वा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी प्रशासनतर्फको स्थायी मुख्य सहायक पदमा रही कम्तीमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

वा

पूर्वाञ्चल विश्वविद्यालयको स्थायी मुख्य सहायक (प्रशासन) पदमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

(७) **अधिकृत (लेखा)**: पूर्वाञ्चल विश्वविद्यालय वा मान्यता प्राप्त विश्वविद्यालयबाट वाणिज्य/व्यवस्थापन विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी लेखातर्फको स्थायी मुख्य सहायक पदमा रही कम्तीमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

वा

पूर्वाञ्चल विश्वविद्यालयको स्थायी मुख्य सहायक (लेखा) पदमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

(८) **अधिकृत (भण्डार)**: पूर्वाञ्चल विश्वविद्यालय वा मान्यता प्राप्त विश्वविद्यालयबाट वाणिज्य/व्यवस्थापन विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी भण्डारतर्फको स्थायी मुख्य सहायक पदमा रही कम्तीमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

वा

पूर्वाञ्चल विश्वविद्यालयको स्थायी मुख्य सहायक (भण्डार) पदमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

(९) **अधिकृत (कम्प्युटर)**: पूर्वाञ्चल विश्वविद्यालय वा मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषयमा तालिम प्राप्त गरी कम्प्यूटर तर्फको स्थायी मुख्य सहायक पदमा रही कम्तीमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

वा

पूर्वाञ्चल विश्वविद्यालयको स्थायी मुख्य सहायक (कम्प्युटर) पदमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

(१०) **अधिकृत (प्रा.) सिनियर स्टाफ नर्स**: पूर्वाञ्चल विश्वविद्यालय वा मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी स्टाफ नर्स तर्फको स्थायी मुख्य सहायक पदमा रही कम्तीमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

वा

पूर्वाञ्चल विश्वविद्यालयको स्थायी मुख्य सहायक (स्टाफ नर्स) पदमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

(११) **मुख्य सहायक (प्रशासन)**: मान्यता प्राप्त शिक्षण संस्था वा बोर्डबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी प्रशासन तर्फको स्थायी सहायक पदमा रही कम्तीमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

पूर्वाञ्चल विश्वविद्यालय
सेवा आयोगको कार्यालय
☎ ०२१-५९०८४१
पो. बक्स नं. : १४२
गोठगाउँ, मोरङ, नेपाल

प.सं./च.नं. ....................

मिति ..............................

वा

पूर्वाञ्चल विश्वविद्यालयको स्थायी सहायक (प्रशासन) पदमा ५ वर्ष काम गरेको अनुभव प्राप्त गरेको ।

(१२) **सहायक (प्रशासन)**: मान्यता प्राप्त शिक्षण संस्था वा बोर्डबाट कम्तीमा एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरी श्रेणीबिहीन पदमा कम्तीमा ५ वर्ष स्थायी सेवा गरेको अनुभव प्राप्त गरेको ।

(८) आन्तरिक प्रतियोगिताको लिखित परीक्षाको पाठ्यक्रम पू.वि. कर्मचारी छनौट तथा पदोन्नति प्रक्रिया एवम् कार्यप्रणाली २०७३ (संसोधन २०७८) को परिच्छेद-४ को दफा ४.२(ङ) बमोजिम हुनेछ ।

(९) आन्तरिक प्रतियोगिताको लिखित परीक्षाको मिति पछि प्रकाशित गरिनेछ ।

**द्रष्टव्यः** उल्लेखित विज्ञापनमा भुलवस कुनै त्रुटि हुन गएमा सो सच्याउने अधिकार पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोगमा सुरक्षित रहनेछ ।

.............................
(नवीन राज पोखरेल)
वरिष्ठ अधिकृत (प्रशासन)